# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, साउन १८ गते २०४० साल ( अतिरिक्ताङ्क १४ (ख)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट सम्वत् २०३९ साल मंसीर २० गते गठन गरिबक्सेको नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कार्य सञ्चालनका लागि प्रज्ञा-प्रतिष्ठानको स्थापना, संगठन, उद्देश्य, नीति, काम, कर्तव्य र अधिकार, प्राज्ञसभा, व्यवस्थापन परिषद्, प्रज्ञा-प्रतिष्ठान सेवा आयोग, प्रज्ञा-प्रतिष्ठानका समितिहरू, प्रज्ञा-प्रतिष्ठानको कोष, लेखा र लेखापरीक्षण, सचिवालय र अन्य कुराहरूका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले मौसूफबाट प्रज्ञा-प्रतिष्ठान सम्बन्धी देहायबमोजिमको व्यवस्था जारी गरिबक्सेकोले सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ति प्रकाशित गरिएको छः–

"नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान सम्बन्धी व्यवस्था"

मुलुकको उपलब्ध प्राकृतिक स्रोत र सम्पदाको उचित परिचालन एवं विज्ञान र प्रविधिको क्षेत्रमा आधारशिला निर्माण गरी राष्ट्रको वैज्ञानिक एवं प्राविधिक क्षमता वृद्धि गर्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुलुकमा विज्ञान र प्रविधिको विषयगत शिक्षण र अनुसन्धान कार्यक्रमलाई सुदृढीकरण र प्रोत्साहित गरी आधारभूत र व्यावहारिक वैज्ञानिक अनुसन्धान एवं वैज्ञानिक तथा प्राविधिक ज्ञान र सीपको प्रवर्द्धन गर्न,

विज्ञान र प्रविधिको प्रचार प्रसार गरी जनमानसमा वैज्ञानिक सोचाइको पद्धतिको जागरण एवं समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्न, र

राष्ट्रको सर्वाङ्गीण विकासको प्रक्रियामा विज्ञान तथा प्रविधिको प्रवर्द्धन, विकास र प्रयोगको महत्वपूर्ण भूमिका रहने सन्दर्भमा यस क्षेत्रलाई बढी सक्रिय र सार्थक बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको छः—

१. प्रज्ञा-प्रतिष्ठानको स्थापना : (१) नेपाल अधिराज्यव्यापी राष्ट्रिय स्तरको एक "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान" को स्थापना गरिएको छ।

(२) प्रज्ञा-प्रतिष्ठानलाई अंग्रेजी भाषामा "रायल नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी" भनिनेछ।

(३) प्रज्ञा-प्रतिष्ठान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ। प्रज्ञा-प्रतिष्ठानको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति किन्न, बेच्न, आर्जन गर्न, ऋण, अनुदान, सहायता वा दान-दातव्य लिन दिन समेत सक्नेछ।

(५) प्रज्ञा-प्रतिष्ठानले चल अचल सम्पत्ति र त्यसको हित तथा हानी नोक्सानीसंग सम्बन्धित विषयमा व्यक्ति सरह नालिश उजूर गर्न र त्यस उपर पनि त्यस्तोमा मात्र व्यक्ति सरह नालिश उजूर लाग्नेछ।

(६) प्रज्ञा-प्रतिष्ठानको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

२. प्रज्ञा-प्रतिष्ठानको संगठन : (१) प्रज्ञा-प्रतिष्ठानको संगठन देहायबमोजिम हुनेछः—

(क) कुलपति,
(ख) प्राज्ञसभा,
(ग) सह-कुलपति,
(घ) उप-कुलपति,
(ङ) सह-उपकुलपति,
(च) व्यवस्थापन परिषद्,
(छ) प्रज्ञा-प्रतिष्ठान सेवा आयोग,
(ज) प्रज्ञा-प्रतिष्ठान सचिवालय।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्राज्ञसभा, व्यवस्थापन परिषद्, प्रज्ञा-प्रतिष्ठान सेवा आयोग र प्रज्ञा-प्रतिष्ठान सचिवालयको सामूहिक रूप नै प्रज्ञा-प्रतिष्ठानको स्वरूप हुनेछ ।

३. प्रज्ञा-प्रतिष्ठानको उद्देश्य : प्रज्ञा-प्रतिष्ठानको उद्देश्य देहायबमोजिम हुनेछः–

(क) राष्ट्रको सर्वाङ्गीण विकासको लागि विज्ञान तथा प्रविधिको क्षमता वृद्धि गर्ने ।

(ख) राष्ट्रको जलस्रोत तथा अन्य उपलब्ध प्राकृतिक सम्पदाको विकासको निमित्त विज्ञान तथा प्रविधिको परिचालन गर्ने ।

(ग) औद्योगिक तथा अन्य उत्पादन क्षेत्रको विकासको लागि वैज्ञानिक तथा प्राविधिक क्षमताको विकास गर्ने ।

(घ) विज्ञान तथा प्रविधिको विकासको लागि अनुकूल वातावरण सृजना गर्ने ।

४. प्रज्ञा-प्रतिष्ठान सम्बन्धी नीति : प्रज्ञा-प्रतिष्ठान सम्बन्धी नीति देहायबमोजिम हुनेछः–

(क) विज्ञान तथा प्रविधिको क्षेत्रमा विद्यमान पूर्वाधारको सुदृढीकरण गर्ने ।

(ख) स्तरीय वैज्ञानिक तथा प्राविधिक जनशक्तिको विकासमा सघाउ पुऱ्याउने ।

(ग) विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान कार्यको प्रवर्द्धन गर्ने ।

(घ) निजी क्षेत्रमा विज्ञान तथा प्रविधिको प्रवर्द्धन र प्रयोग गर्न प्रोत्साहन गर्ने, गराउने ।

(ङ) औद्योगिक तथा अन्य क्षेत्रमा प्रयोग हुने प्रविधिमाथि निगरानी राखी उपयुक्त प्रविधिको हस्तान्तरण गर्ने ।

(च) परम्परागत, स्वदेशी वा स्थानीय प्रविधिहरूको विकास एवं प्रवर्द्धन गर्ने ।

(छ) वैज्ञानिक र प्राविधिकको वृत्ति विकासमा सहयोग गर्ने, गराउने ।

(ज) समाजमा वैज्ञानिक चेतनाको जागरण ल्याउने र वैज्ञानिक र प्राविधिक प्रतिभालाई अवसर प्रदान गर्ने, गराउने ।

५. प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) विज्ञान तथा प्रविधि सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने ।

(ख) राष्ट्रिय नीति अनुरूप कार्यक्रम तयार गरी तिनको कार्यान्वयन गर्ने, गराउने ।

(ग) नेपाल अधिराज्यभित्र रहेका वैज्ञानिक तथा प्राविधिक अनुसन्धान कार्यहरूबीच समन्वय कायम गर्ने, गराउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विज्ञान तथा प्रविधिक्षेत्रमा अध्ययन, अनुसन्धान कार्य गर्ने, गराउने ।

(ङ) विज्ञान तथा प्रविधि सम्बन्धी केन्द्रीय सूचना प्रणाली स्थापना गर्ने ।

(च) विज्ञान तथा प्रविधि विषयहरूमा विभिन्न गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने, गराउने एवं तत्सम्बन्धी विषयमा पुस्तक, पत्र-पत्रिका आदि प्रकाशन गर्ने, गराउने ।

(छ) विज्ञान तथा प्रविधिक्षेत्रमा भैरहेको अध्ययन, अनुसन्धान तथा तालीम कार्यको प्राविधिक मूल्यांकन गरी आवश्यक सुधार ल्याउने ।

(ज) अध्ययन, अनुसन्धान, विकास, प्रसार एवं तालीम कार्यको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट आर्थिक स्रोतको व्यवस्था गर्ने ।

(झ) विज्ञान तथा प्रविधि सम्बन्धी अन्य मुलुकका राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थासित आवश्यकतानुसार सम्बन्ध कायम राख्ने ।

(ञ) विभिन्न वैज्ञानिक तथा प्राविधिक विषयहरूमा राष्ट्रिय प्रयोगशाला-हरूको स्थापना गर्ने ।

(ट) विज्ञान तथा प्रविधि सम्बन्धी व्यावसायिक संस्थाहरूको विकासको लागि आर्थिक र अन्य सहयोग प्रदान गर्ने ।

(ठ) विभिन्न सरकारी तथा गैरसरकारी संस्था वा व्यक्तिलाई अनुसन्धान कार्यको लागि आर्थिक र अन्य सहयोग प्रदान गर्ने ।

(ड) विज्ञान तथा प्रविधिक्षेत्रको विकास, प्रवर्द्धन वा प्रयोगमा उत्कृष्ट योगदान दिने व्यक्तिलाई पुरस्कार दिने ।

(ढ) श्री ५ को सरकार, त्रिभुवन विश्वविद्यालय र अन्य उपयुक्त निकायहरू-लाई विज्ञान तथा प्रविधिको क्षेत्रमा आवश्यकतानुसार राय, सल्लाह र सुझाव दिने ।

(ण) प्रज्ञा-प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरू गर्ने ।

६. प्रज्ञा-प्रतिष्ठानको कुलपति : श्री ५ महाराजाधिराज प्रज्ञा-प्रतिष्ठानको कुलपति होइबक्सनेछ ।

७. प्राज्ञसभा : (१) देहायका सदस्यहरू भएको एउटा प्राज्ञसभा हुनेछः–

(क) कुलपति –अध्यक्ष

(ख) सह-कुलपति –प्रथम उपाध्यक्ष

(ग) उप-कुलपति –द्वितीय उपाध्यक्ष

(घ) सह-उपकुलपति –सदस्य

(ङ) प्रज्ञा-प्रतिष्ठानका सदस्यहरू –सदस्य

(च) प्रज्ञा-प्रतिष्ठानका सह-सदस्यहरू –सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) अर्थ मन्त्री (पदेन) —सदस्य
(ज) शिक्षा तथा संस्कृति मन्त्री (पदेन) —सदस्य
(झ) उद्योग मन्त्री (पदेन) —सदस्य
(ञ) जलस्रोत मन्त्री (पदेन) —सदस्य
(ट) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग (पदेन) —सदस्य
(ठ) राजकीय प्रज्ञा-प्रतिष्ठानको कुलपति (पदेन) —सदस्य
(ड) त्रिभुवन विश्वविद्यालयको उप-कुलपति (पदेन) —सदस्य
(ढ) श्री ५ को सरकारको मुख्य सचिव (पदेन) —सदस्य
(ण) कुलपतिबाट मनोनीत बढीमा सातजना व्यक्तिहरू —सदस्य
(त) प्रज्ञा-प्रतिष्ठानको सदस्य-सचिव —सदस्य-सचिव

(२) मनोनीत सदस्यहरूको पदावधि सामान्यतया तीन वर्षको हुनेछ ।

(३) प्राज्ञसभाको काम, कर्तव्य र अधिकार कुलपतिद्वारा स्वीकृत नियमावलीबमोजिम हुनेछ ।

८. व्यवस्थापन परिषद् : (१) व्यवस्थापन परिषद् प्रज्ञा-प्रतिष्ठानको कार्यकारिणी निकाय हुनेछ ।

(२) व्यवस्थापन परिषद्को गठन, काम, कर्तव्य र अधिकार कुलपतिद्वारा स्वीकृत नियमावलीबमोजिम हुनेछ ।

९. कुलपति : (१) कुलपति प्रज्ञा-प्रतिष्ठानको प्रमुख हुनेछ ।

(२) प्रज्ञा-प्रतिष्ठान वा प्रज्ञा-प्रतिष्ठानसंग सम्बन्धित कुनै पनि विषय वा कार्यको निरीक्षण वा जाँचबुझ गराउने अधिकार कुलपतिमा निहित रहनेछ ।

(३) कुलपतिको निर्देशन प्रज्ञा-प्रतिष्ठानको निमित्त सर्वोपरि र सर्वमान्य हुनेछ।

(४) कुलपतिबाट प्रज्ञा-प्रतिष्ठानको उप-कुलपति, सदस्य, सदस्य-सचिव र सह-सदस्यको नियुक्ति हुनेछ । कुलपतिले चाहेमा सह-उपकुलपतिको पनि नियुक्ति गरिनेछ ।

(५) कुलपतिले चाहेमा उप-कुलपति, सदस्य र सदस्य-सचिवको नियुक्तिको लागि बढीमा पाँच सदस्यीय सिफारिश समितिको गठन गरिनेछ । सिफारिश समितिले प्रत्येक पदको लागि तीन जनाको नामावली कुलपति समक्ष सिफारिश गर्नेछ ।

१०. सह-कुलपति : (१) श्री ५ को प्रधानमन्त्री प्रज्ञा-प्रतिष्ठानको सह-कुलपति हुनेछ ।

(२) प्राज्ञसभाले सह-कुलपतिद्वारा कार्यान्वयन गर्ने भनी तोकेको सुझाव र सिफारिशहरू सह-कुलपतिले कार्यान्वयन गराउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुलपतिको निर्देशन अनुसार सह-कुलपतिले अन्य काम गर्नेछ ।

११. उप-कुलपति : (१) कुलपतिबाट लब्धप्रतिष्ठित व्यक्तिलाई प्रज्ञा-प्रतिष्ठानको उप-कुलपति पदमा नियुक्ति गरिनेछ ।

(२) उप-कुलपतिको कार्यकाल पाँच वर्षको हुनेछ । तर कुलपतिले चाहेमा निजको पदावधि थप हुन सक्नेछ ।

(३) प्राज्ञसभा र व्यवस्थापन परिषद्ले गरेको निर्णयहरू कार्यान्वयन गर्ने गराउने अभिभारा उप-कुलपतिमा रहनेछ ।

(४) प्रज्ञा-प्रतिष्ठानका सदस्य र सदस्य-सचिव पदको लागि गठन हुने सिफारिश समितिको अध्यक्ष उप-कुलपति हुनेछ ।

(५) उप-कुलपति पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

(६) प्रज्ञा-प्रतिष्ठानका नियम तथा विनियमको पालना गर्नु गराउनु उप-कुलपतिको कर्तव्य हुनेछ ।

(७) प्रज्ञा-प्रतिष्ठानको सबै काम कारवाई उपर उप-कुलपतिको नियन्त्रण रहनेछ ।

(८) उप-कुलपतिको अन्य काम, कर्तव्य र अधिकार तथा तलब, भत्ता, सुविधा एवं सेवा शर्तहरू कुलपतिद्वारा स्वीकृत नियमावलीबमोजिम हुनेछ ।

(९) नियमावलीद्वारा व्यवस्थित नभएसम्म प्रज्ञा-प्रतिष्ठानको आर्थिक, प्रशासन र कर्मचारीहरू नियुक्ति गर्ने तथा तिनीहरूको सेवा शर्तका कुराहरू उप-कुलपतिले निर्धारण गरेबमोजिम हुनेछ ।

(१०) उप-कुलपतिले आवश्यकतानुसार आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार सह-उपकुलपति, सदस्य, सदस्य-सचिव, सह-सदस्य वा प्रज्ञा-प्रतिष्ठान-को अन्य कर्मचारीलाई सुम्पन सक्नेछ ।

(११) प्रज्ञा-प्रतिष्ठानले गर्नुपर्ने कामको सम्बन्धमा कुनै पदाधिकारीले गर्ने भनी नियममा तोकिएको काम, कर्तव्य र अधिकारबाहेक अन्य काम, कर्तव्य र अधि-कार उप-कुलपतिले तोकिदिएबमोजिम हुनेछ ।

(१२) उप-कुलपति व्यवस्थापन परिषद्को अध्यक्ष भै काम गर्नेछ ।

(१३) प्राज्ञसभा र व्यवस्थापन परिषद्मा पेश हुने सबै विषयहरू उप-कुलपतिमार्फत पेश गरिनेछ ।

(१४) कुलपतिबाट तोकिएको अन्य सबै काम उप-कुलपतिले गर्नेछ ।

१२. सह-उपकुलपति : (१) कुलपतिबाट प्रज्ञा-प्रतिष्ठानका सदस्यहरूमध्येबाट सह-उपकुलपतिको नियुक्ति गरिनेछ । सह-उपकुलपति उप-कुलपतिपछिको प्रमुख पदाधिकारी हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-कुलपतिको काममा आवश्यक सहयोग र सघाउ पुऱ्याउन सह-उपकुलपतिको मुख्य काम हुनेछ। उप-कुलपतिको अनुपस्थितिमा निजले गरी आएको सबै काम सह-उपकुलपतिले गर्नेछ।

(३) सह-उपकुलपति पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ।

(४) सह-उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार तथा तलब, भत्ता सुविधा एवं सेवा शर्तहरू कुलपतिबाट स्वीकृत नियमावलीबमोजिम हुनेछ।

१३. सदस्य : (१) कुलपतिबाट विज्ञान, प्रविधि एवं अन्य उपयुक्त क्षेत्रको विशिष्ट एवं लब्धप्रतिष्ठित विद्वानहरूमध्येबाट तीनदेखि पाँचजना व्यक्तिहरू प्रज्ञा-प्रतिष्ठानको सदस्यमा नियुक्ति गरिनेछ।

(२) सदस्यहरू पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछन्।

(३) सदस्यहरूको कार्यकाल तीन वर्षको हुनेछ। उप-कुलपतिको सिफारिशमा कुलपतिबाट निजहरूको पदावधि थप गर्न सकिनेछ।

(४) सदस्यहरूको काम, कर्तव्य र अधिकार तथा तलब, भत्ता, सुविधा एवं सेवा शर्तहरू कुलपतिबाट स्वीकृत नियमावलीबमोजिम हुनेछ।

१४. सदस्य-सचिव : (१) कुलपतिबाट विशिष्ट वैज्ञानिक, प्राविधिक वा अन्य उपयुक्त क्षेत्रको व्यक्तिलाई प्रज्ञा-प्रतिष्ठानको सदस्य-सचिवमा नियुक्ति गरिनेछ।

(२) सदस्य-सचिव पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ।

(३) सदस्य-सचिवको कार्यकाल सामान्यतया तीन वर्षको हुनेछ। उप-कुलपतिको सिफारिशमा निजको पदापधि थप गर्न सकिनेछ।

(४) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तथा तलब, भत्ता, सुविधा एवं सेवा शर्तहरू कुलपतिबाट स्वीकृत नियमावलीबमोजिम हुनेछ।

(५) सदस्य-सचिवले प्रज्ञा-प्रतिष्ठानको सामान्य प्रशासन तथा कोषको रेखदेख गर्नेछ।

(६) सदस्य-सचिवले उप-कुलपतिको निर्देशनबमोजिम अन्य कार्य गर्नेछ।

(७) सदस्य-सचिवले प्रज्ञा-प्रतिष्ठानको वार्षिक आय-व्यय तथा कार्यक्रमको तर्जुमा गर्नेछ।

१५. सह-सदस्य : (१) कुलपतिबाट विज्ञान, प्रविधि एवं अन्य उपयुक्त क्षेत्रको विशिष्ट एवं लब्धप्रतिष्ठित विद्वानहरूमध्येबाट छदेखि दशजना व्यक्तिहरू उप-कुलपतिको सिफारिशमा प्रज्ञा-प्रतिष्ठानको सह-सदस्यमा नियुक्ति गरिनेछ।

(२) सह-सदस्यहरू पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछन्।

(३) सह-सदस्यहरूको कार्यकाल सामान्यतया तीन वर्षको हुनेछ। उप-कुलपतिको सिफारिशमा निजहरूको पदावधि थप गर्न सकिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सह-सदस्यहरूको काम, कर्तव्य र अधिकार तथा तलब, भत्ता, सुविधा एवं सेवा शर्तहरू कुलपतिद्वारा स्वीकृत नियमावलीबमोजिम हुनेछन् ।

१६. प्रज्ञा-प्रतिष्ठान सेवा आयोग : (१) प्रज्ञा-प्रतिष्ठानको पदाधिकारीहरूबाहेक अन्य कर्मचारीहरूको नियुक्ति र बढुवाको सिफारिश गर्ने एक प्रज्ञा-प्रतिष्ठान सेवा आयोग रहनेछ ।

(२) प्रज्ञा-प्रतिष्ठान सेवा आयोगको गठन, कार्यविधि, काम, कर्तव्य र अधिकार कुलपतिद्वारा स्वीकृत नियमावलीबमोजिम हुनेछ ।

१७. समितिहरू : प्रज्ञा-प्रतिष्ठानको कार्यक्षेत्रभित्र पर्ने अनुसन्धान, विकास तथा प्रगतिहरूको रेखदेख गर्न वा प्राज्ञसभा, व्यवस्थापन परिषद् वा उप-कुलपतिको कार्यक्षेत्रभित्र पर्ने विषयहरूमा आवश्यकतानुसार प्रज्ञा-प्रतिष्ठानले काम, कर्तव्य तोकी विभिन्न समितिहरू गठन गर्न सक्नेछ ।

१८. प्रज्ञा-प्रतिष्ठानको कोष : (१) प्रज्ञा-प्रतिष्ठानको एक कोष रहनेछ, जसमा देहायका रकमहरू रहनेछन् र प्रज्ञा-प्रतिष्ठानको सबै खर्चहरू सोही रकमबाट व्यहोरिनेछन्:—

(क) श्री ५ को सरकारले प्रदान गरेको रकम ।

(ख) कुनै व्यक्ति, संस्था वा राष्ट्रले चन्दा, सहायता, अनुदान वा दान दातव्यको रूपमा प्रदान गरेको रकम ।

(ग) अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) कोषको सबै रकम कुनै बैंकमा प्रज्ञा-प्रतिष्ठानको नाममा खाता खोली जम्मा गरिनेछ ।

१९. लेखा र लेखापरीक्षण : (१) प्रज्ञा-प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्दछ ।

(२) प्रज्ञा-प्रतिष्ठानको लेखापरीक्षण प्राज्ञसभाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

२०. प्रज्ञा-प्रतिष्ठान सचिवालय : (१) प्रज्ञा-प्रतिष्ठानको प्रशासकीय कामकाजको लागि एक सचिवालय रहनेछ । यसको दैनिक कार्य संचालन उप-कुलपतिको रेखदेखमा सदस्य-सचिवले गर्नेछ ।

(२) सचिवालयको संगठन र काम, कर्तव्य प्रज्ञा-प्रतिष्ठानले तोकिएबमोजिम हुनेछ ।

(३) सचिवालयको संगठनभित्र प्रयोगशालाहरूको व्यवस्था गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. सम्पर्क : यस प्रज्ञा-प्रतिष्ठानले श्री ५ को सरकारसित सम्पर्क राख्दा साधारणतया मन्त्रिपरिषद् सचिवालयमार्फत सम्पर्क राख्नेछ। तर आफ्नो कार्यको सिलसिलामा आवश्यकतानुसार कुनै पनि सरकारी वा अर्धसरकारी र स्वदेशी तथा विदेशी निकायसित सीधा सम्पर्क राख्न सक्नेछ।

२२. काम कारवाईको मान्यता : नेपाल राजपत्रमा प्रकाशित मिति २०३६ साल मंसीर २० गतेको सूचनाबमोजिम गठित नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान र सो अनुसार भए गरेको काम कारवाई यसै अनुसार भए गरेको मानिनेछ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।